नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

फोन नं.:- (४२८३०२३
(४६७०७५७
(४६७२८२३
फ्याक्सः- (४२८४९००

प.स. २०७७।०७८
च.नं. ६३३८

मितिः- २०७८।०१।१६

विषय :- अनिवार्य अवकाश हुने शिक्षकहरुको नामावली पठाएको ।

श्री शिक्षा विकास तथा समन्वय इकाई,

सबै ।

शिक्षा नियमावली २०५९, (संशोधन सहित) नियम १२६ उपनियम (घ) वमोजिम त्यस जिल्ला अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत मिति २०७८/०४/०१ देखि २०७८ पुस मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरुको यस किताबखानामा रहेको अभिलेख तथा सूचना प्रणालीबाट तयार गरिएको नामावली यसै साथ संलग्न राखी पठाईएको छ । कतिपय शिक्षकले एक भन्दा वढी पटक वैयक्तिक विवरण (सिटरोल) भरी एउटै शिक्षकको एक भन्दा वढी संकेत नम्वर कायम भएको अवस्था समेत रहेकाले शिक्षकहरुले राजीनामा, अवकाश, मृत्यू तथा वेपत्ता भई निवृत्त सुविधा प्राप्त गरी सकेकाको समेत अभिलेखमा विवरण रहि रहन सक्ने भएकाले त्यस कार्यालयमा भएको अभिलेखसँग भिडाई किताबखानाबाट पठाईएको अवकाश सम्वन्धि विवरणमा कुनै फरक परेमा सम्वन्धित शिक्षकबाट प्रमाण सहित पेश गर्न लगाई सोही बमोजिम अवकाशको जानकारी दिने र देहायका बुँदाहरुमा ध्यान दिई शिक्षा नियमावली, २०५९ (संशोधन सहित) नियम १३१ (१) वमोजिम अनिवार्य अवकास गर्नुहुन यस किताबखानाको मिति २०७८।०१।१६ को निर्णयानुसार अनुरोध छ ।

**तपशिल**

१. नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र बैयक्तिक तथा नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आएको उमेर मध्ये **जुन उमेरबाट निजको ६० बर्षउमेर पहिले पूरा हुन्छ** , सोही आधारमा अवकास दिने । शैक्षिक योग्यताको प्रमाणपत्रको साथमा प्रवेशिका परीक्षा उर्त्तीण मूल वा प्रोभिजनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको हकमा प्रतिलिपि लिई जन्ममिति फरक परेको भए अघिल्लो नागरिकतामा उल्लेखित जन्म मितिलाई नै आधार मान्ने । कुनै एक प्रमाणपत्रमा उल्लेखित उमेरमा वर्ष वा जन्म वर्ष र जारी मिति मात्र उल्लेख भएको र अरु कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ भने त्यस्तो प्रमाणपत्रमा उल्लेखित जन्ममितिको वीचमा **एकवर्ष सम्मको अन्तर देखिएमा प्रष्ट खुलेको प्रमाणपत्रको जन्ममितिलाई आधार मान्ने** । तर १ वर्ष भन्दा बढी फरक पर्ने भएमा अघिल्लो जन्ममितिलाई नै आधार मानी उमेरको गणना गरी अवकास दिने ।

३. कुनै प्रमाणपत्रमा जन्ममिति नखुली सालमात्र उल्लेख भएको भए सोही साल मानी महिना र गतेमा **बैशाख १ गते मानेर उमेरको गणना** गर्ने साथै सोही सालभित्र प्रष्ट खुलेको प्रमाणपत्रको जन्ममिति भए सोलाई आधार मान्ने ।

४.वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) भरी सिटरोल नम्बर कायम भएको शिक्षकको हकमा त्यहाँ भएको प्रमाणित सिटरोल, सुविधा सिफारिस गरिएको फायल साथ संलग्न गरी पठाउने र सिटरोल नम्बर कायम भएको शिक्षकको प्रमाणित सिटरोल नभए वा सिटरोल फाराम नभरेको भए **पुनः भराई प्रमाणित गरी अनिवार्य रुपमा** सिफारिस फाइलसँग पठाउने ।

५. अनिवार्य अवकासको विवरणमा नपरेको तर त्यहाँ रहेको अभिलेख तथा कागजातवाट **६० वर्ष उमेर** पूरा हुने देखिएको शिक्षकलाई शिक्षा नियमावलीले निर्दिष्ट गरेको अवधी भित्र अनिवार्य अवकास गर्ने ।

६. अवकास हुने शिक्षकको नाम थर, विद्यालय, तह, श्रेणी, जन्ममिति, अवकास मिति आदि फरक परेको भएमा सम्बन्धित शिक्षकको निवेदन, विद्यालयको पत्र तथा ताहाँ रहेको अभिलेखको आधारमा एकिन गरी अवकास गर्ने ।

७. जिल्लान्तर वा आन्तरिक सरुवा भएको भए सोही स्थानमा अवकासको जानकारी वा सूचना पठाउने ।

८. शिक्षा नियमावली, २०५९ को नियम १३१ अनुसार कुनै शिक्षकको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकास दिने ।

९. एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुँदा लिएका तत्कालीन रमाना पत्रमा विदा उल्लेख नभएको, विरामी विदाको रकम भुक्तानी नहुने हुदाँ यसरी रमाना पत्रमा उल्लेख नभएको विरामी विदाको सुविधा प्राप्त गर्न विद्यालयमा रहेको विदाको अभिलेख सक्कलै लिई आउनु पर्ने छ साथै सो को प्रतिलिपि इकाई प्रमुखबाट प्रमाणित गरी ल्याउनु पर्ने छ । यसरी विदाको सिफारिस गर्दा यस कुरालाई ध्यान दिई सिफारिस गर्नु पर्ने छ ।

१०.संचित विरामी विदाको अभिलेख फाराममा सम्वन्धित प्र.अ., शिक्षा हेर्ने अधिकृत कर्मचारी र इकाई प्रमुखको नाम पद र मिति स्पष्ट उल्लेख गरी प्रमाणित गरी पठाउने ।

११.विद्यालयले स्थायी नियुक्ति दिएको हकमा जिल्ला शिक्षा कार्यालयले स्थायी नियुक्तिका लागि सिफारिस गरी पठाएको पत्र र तत्कालिन जिल्ला शिक्षा समितिबाट नियुक्तिको लागि गरिएको निर्णय प्रतिलिपि प्रमाणित गरी पठाउने र सम्पूर्ण फोटोकपी कागजातहरुमा अनिवार्य रुपमा इकाई प्रमुखबाट “व्यहोरा प्रमाणित” भन्ने लेखी प्रमाणित गरी पठाउनुपर्ने छ ।

(रामराज खकुरेल)
का.मु.उप-महानिर्देशक

**बोधार्थ :-**

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,** सिंहदरबार ।
**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।**
(उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा), सिंहदरबार ।
**श्री शिक्षक सेवा आयोग,** सानोठिमी, भक्तपुर ।